# अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि २०७७

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७७।०५।१०

**प्रस्तावना**

माङसेबुङ गाँउपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरु मध्ये अति विपन्न तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचारलाई सहज बनाउन औषधि उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउन कोषको गठन तथा संचालन सम्बन्धमा आवश्यक व्यबस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट **"अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यबिधि, २०७७"** स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद- १
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यबिधीको नाम **अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यबिधि २०७७** रहेको छ ।

(ख) यो कार्यबिधि गाउँ कार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : यस कार्यबिधिमा

(१) **गाउंपालिका** भन्नाले माङसेबुङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(२) **अध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(३) **उपाध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(४) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

(५) **वडा अध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(६) **अति विपन्न नागरीक** भन्नाले दफा ६ को उपदफा ३ बमोजिमको समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचय पत्र वाहक विपन्न नागरिकलाई सम्झनु पर्छ । साथै नेपाल सरकारले तोके बमोजिम वार्षिक औसत आम्दानी भन्दा कम आय भई स्वास्थ्य, शिक्षा र रोजगारमा सहज पहुँच नभएको नागरिकलाई सम्झनु पर्छ ।

(७) **जेष्ठ नागरिक** जेष्ठ नागरिक भन्नाले नेपाल सरकारले तोके बमोजिम ६० बर्ष पुरा भएको नागरीकलाई सम्झनु पर्छ ।

(८) **कडा रोग** भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सस, अल्जाईमर्स, स्पाइनल इन्जुरी, हेड ईन्जुरी, सिकलसेल एमोनिया रोगहरु सम्झनु पर्छ ।

(९) **अन्य रोग भन्नाले** दम, फोक्सो रोग, मधुमेह, मानसिक रोग जस्ता रोगहरु सम्झनु पर्छ ।

## परिच्छेद –२
## उदेश्य, लक्ष्य तथा नीति

३. उदेश्यः

(१) यस गाउँपालिका भित्रको अति विपन्न तथा जेष्ठ नागरिकहरुलाई स्वास्थ्य क्षेत्रमा थप सहयोग पुऱ्याउने ।

(२) अति विपन्न तथा जेष्ठ नागरिकहरुको पीडादायी जिवनलाई सरल र सहज बनाउन सहयोग पुऱ्याउने ।

(३) आर्थिक विपन्नताले गर्दा स्वास्थ्य उपचार गर्न नसकेका विरामीहरुलाई स्वास्थ्य सेवाका लागि अस्पतालसम्म पुर्याई तत्काल मृत्यूबाट जोगाउने ।

**४. लक्ष्य:**

विपन्न र जेष्ठ नागरिकहरुलाई सानो सहयोग बाट स्वस्थ्य जिबन यापन गर्न सहयोग पुर्याउदै विपन्न र जेष्ठ नागरिकलाई गम्भीर प्रकृतिका रोगसँग लड्न स्वास्थ्य क्षेत्रमा पहुच पुर्याउने । साथै यस कोष मार्फत अति विपन्न तथा जेष्ठ नागरिकहरुलाई माङसेबुङ गाउँपालिकाभित्र स्वास्थ्य क्षेत्रमा पहुच पुर्याउने लक्ष्य यस कोषको रहेको छ ।

**५. नीति :**

(१) गरिब तथा अति विपन्न र जेष्ठ नागरिकहरु प्रति स्वास्थ्य क्षेत्रमा पहुँच पुर्याउने ।

(२) यस गाउँपालिकामा रहेका विपन्न र जेष्ठ नागरिक लाई उपचारार्थ सहयोग गर्ने ।

(३) स्वास्थ्य क्षेत्रमा पहुँच अभिबृद्धि गर्न बिभिन्न शिबिरहरु सञ्चालन गर्दै स्वास्थ्यसँग सम्बन्धित निकायसँग विपन्नता र जेष्ठ नागरिकहरुको लागि समन्वय गर्दै अघि बढने ।

## परिच्छेद –३
## आर्थिक सहायता

**६. विपन्न तथा जेष्ठ नागरिकलाई आर्थिक सहायता दिने :** (१) आर्थिक रुपले विपन्न तथा जेष्ठ नागरिकले दफा २ को (८), (९) मा उल्लेख भए बमोजिमका रोगको उपचार गराउँदा उपदफा ३ बमोजिमको समितिको सिफारिसमा निम्नानुसारको आर्थिक सहायता प्राप्त गर्नेछन् ।

(क) कडा रोगको लागि अधिकतम बार्षिक रु. २०,०००।० (वीस हजार)

(ख) अन्य रोगको लागि अधिकतम बार्षिक रु. १०,०००।० (दश हजार)

(ग) विदेशमा अङ्ग प्रत्यारोपण गर्नु पर्ने अवस्थामा कडा रोगको दोब्बर दिन सकिने छ ।

(२) विपन्न तथा जेष्ठ नागरिकले औषधि उपचार वापत आर्थिक सहायता माग गर्दा निम्न कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) गाउँपालिकाको स्थायी बसोबास भएको प्रमाण,

(ग) रोग पहिचान भएको चिकित्सकको प्रिस्क्रिप्सन,

(घ) बिरामी विपन्न वा जेष्ठ नागरिक भएको व्यहोरा खुल्ने प्रमाण,

(च) सम्बन्धि वडा कार्यालयको सिफारीस

(छ) आर्थिक सहायता मागको निवेदन

(३) विपन्न तथा जेष्ठ नागरिकहरुलाई औषधि उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि निर्णय तथा सिफारिस गर्न गाउँपालिकामा देहायको निर्णय तथा सिफारिस समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत – सदस्य
(ग) आर्थिक विकास समिति संयोजक - सदस्य
(घ) आर्थिक प्रशासन शाखा – सदस्य
(ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपन्न तथा जेष्ठ नागरीकले आर्थिक सहायताका लागि दिएको निवेदन संकलन गर्ने,

(ख) खण्ड (क) अनुसार पेश भएका कागजातहरुको अध्ययन गरी दफा ६ बमोजिमको आर्थिक सहायताको रकम निर्णय तथा सिफारिस गर्ने,

(ग) सिफारिस गरिएको आर्थिक सहायताको विवरणको अभिलेख राख्ने,

(घ) सिफारिस गर्दा एउटा व्यक्तिको लागि बर्षमा एक पटक मात्र सिफारिस गर्ने,

(ङ) अन्य बिषयमा आर्थिक सहायता माग भएको निवेदनमा छानविन गरी निर्णय गर्ने,

(५) विपन्न तथा जेष्ठ नागरिकलाई स्वास्थ्य उपचारका लागि यस कार्यबिधि बमोजिम दिइने आर्थिक सहायता उपचार अघि वा उपचार हुदै गर्दा वा उपचार पछि पनि दिन सकिने छ ।

(६) समितिको बैठक अध्यक्षको आदेशमा सदस्य सचिवले बोलाउनेछ ।

(७) बैठक महिनामा कम्तिमा एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

## परिच्छेद –४
## कोषको स्थापना तथा सञ्चालन

७. **कोषको स्थापना :** (१) गाउँपालिकाबाट यस कार्यबिधि बमोजिम विपन्न तथा जेष्ठ नागरिकको उपचारको लागि वितरण गरिने आर्थिक सहायताका लागि एउटा कोष रहनेछ, जसमा देहाय बमोजिम रकम रहने छ ।

(क) गाउँपालिकाको बार्षिक बजेट मार्फत उक्त शिर्षकमा खर्च हुने गरी स्वीकृत रकम,

(ख) स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त हुने रकम,

(ग) स्थानीय सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम, ,

(घ) कोषलाई अन्य बिभिन्न स्रोतबाट प्राप्त हुने रकम,

(२) उक्त कोषमा जम्मा भएको रकमको संचालन गाउँपालिकाका अन्य बैंक खाता संचालन भए सरह हुनेछ ।

(३) उक्त कोषमा जम्मा भएको रकम विपन्न तथा जेष्ठ नागरिकको उपचार प्रयोजनका लागि दिइने आर्थिक सहायता बाहेक अन्य प्रयोजनका लागि खर्च गरिने छैन ।

८. **कोषको रकम प्रयोग गर्न नपाइने :** (१) कोषमा जम्मा भएको रकम देहायको प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन :

(क) नियमित प्रशासनीक कार्यको लागि खर्च गर्न,

(ख) सरकारी वा गैर सरकारी पदाधिारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुबिधा उपलब्ध गराउन,

(ग) विपन्न तथा जेष्ठ नागरिकको उपचार प्रयोजनका लागि दिइने आर्थिक सहायता बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(घ) कुनै किसिमको गोष्ठि, अन्तरकिया वा सभा सम्मेलन गर्न, गराउन

## परिच्छेद -५
## कोषको लेखा र लेखा परीक्षण

९. **कोषको आय व्ययको लेखा तथा सोको परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेको आन्तरीक नियन्त्रण प्रणली कायम गर्नु पर्नेछ ।

(३) आ.ब. समाप्त भएको तीन महिना भित्र समितिले कोषको बार्षिक आय व्ययको विवरण कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

(४) कोषको आन्तरीक लेखा परीक्षण गाउँपालिकाको आन्तरीक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(५) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(६) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत कोषको हिसाब किताब जाँच गर्न वा गराउन सक्नेछ ।

(७) कोषको आर्थिक व्यवस्था यस कार्यबिधिमा तोकिएकोमा यसै बमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(८) कोषको प्रशासनिक तथा आर्थिक व्यवस्थापन गाउँ कार्यपालिकाको कर्मचारीबाट हुनेछ ।

(९) कोषबाट सञ्चालन गरिने कार्यक्रमको जाँचपास फरफारक प्रचलित कानुन बमोजिम हुनेछ

## परिच्छेद –५
## विविध

१०. **विवरण राख्ने :** (१) यस कार्यबिधि बमोजिम भुक्तानी भएको रकम भुक्तानी पाउनेको विवरण देहायको ढाँचामा राख्नु पर्नेछ :-

(१) बिरामीको नाम, थर, ठेगाना र सर्म्पक नम्बर तथा विपन्न वा जेष्ठ व्यहोरा खुल्न विवरण

(२) नागरिकताको विवरण

(३) रोग पहिचान सम्बन्धि विवरण

(४) उपचारको विवरण

११. **बैठक भत्ता :** समितिका पदाधिकारीहरुको बैठक भत्ता कार्यपालिकाका पदाधिकारी सरह हुनेछ ।

१२. **कार्यविधिको संसोधन :** यस कार्यबिधिलाई संशोधन गर्न आवश्यक देखिएमा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

१३. **खारेजी र बचाउ :** (१) यस कार्यविधिमा व्यवस्था भएका बिषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

(२) कुनै कारणवश कोष संचालन हुन नसकेमा गाँउ कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(३) कोष खारेज भएमा कोषको सम्पूर्ण चलअचल सम्पति तथा दायित्व गाँउ कार्यपालिकामा सर्नेछ ।

(४) अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि २०७५ खारेज गरिएको छ ।

(५) अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति : २०७७।०५।१२